"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७६/०७७

चलानी नं. : १६८४

मिति : २०७६/१२/३०

## दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणका कारण बन्दाबन्दी (लकडाउन ) भई दैनिक खाद्य संकट भोगी रहेका नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा वडा कार्यालयले तयार गरेको लगत अनुसारका विशेष संरक्षण गर्नुपर्ने वर्ग, असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा मजदुरहरु नमोबुद्ध नगरपालिकाको राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ को दफा ८ बमोजिमका राहत सामाग्री खरिद गरि वितरण नगर्दा सार्वजनिक सुरक्षा हित तथा सामूदायिक स्वास्थ्यमा पर्ने संकटलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा भएको व्यवस्था अनुसार विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार वार्ताको माध्यमबाट निम्न बमोजिमको सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले तिन दिन भित्रमा (२०७७ वैशाख २ गते दिउँसो १२:००) इच्छुक मान्यता प्राप्त खाद्य सामाग्री बिक्री वितरण गर्ने फर्म/कम्पनी/सप्लायर्सले इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी राहत सामाग्रीहरुको गुणस्तर सहितको लिखित दररेट प्रस्ताव प्रस्तावदाता स्वयं वा आधिकारिक प्रतिनिधि यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा उपस्थित भई वा यस कार्यालयको आधिकारिक इमेल ठेगाना namobuddhamun@gmail.com मा पेश गर्न सकिनेछ। प्रस्ताव पेश गर्ने दिएको समय सकिनासाथ पेश भएको प्रस्तावको मुल्य, गुणस्तर, परिणाम वा ढुवानीको विषयमा माथि वार्ता गर्न प्रस्तावदाता नगरपालिकाको कार्यालयमा उपस्थित हुनु पर्नेछ। कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण कारण बन्दाबन्दी (लकडाउन)का कारण प्रस्ताव पेश गर्न वा वार्ताको लागि यस कार्यालयसम्म आउनजान पास आवश्यक भएमा प्रस्तावदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधिको परिचय खुल्ने कागजात सहित नगरपालिकाको कार्यालयको उल्लेखित इमेल ठेगानामा पठाउन सकिनेछ।

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :

चलानी नं. :

मिति :

<u>निम्न</u>

| क्र.म. | विवरण | गुणस्तर | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | चामल | सोना मन्सुली (राम्रो) | किलोग्राम | १ किलोग्राम | |
| २ | दाल | मुसुरी राम्रो | किलोग्राम | १ किलोग्राम | |
| ३ | नुन | आयोडिन युक्त आयोनुन (प्याकेटमा) | किलोग्राम | १ पाकेट | |
| ४ | तेल | सनफ्लावर (पाउचमा) | लिटर | १ लिटर | |
| ५ | हात धुने साबुन | लाईफव्वाइ | गोटा | १ वटा | |
| ६ | गेडागुडी | राम्रो | किलोग्राम | १ किलोग्राम | |

<u>शर्तहरु :</u>

१. राहत सामाग्रीहरु नगरपालिकासम्म ढुवानी गर्नु पर्नेछ ।

२. राहत सामाग्रीहरुमा हरेक सामाग्री (Items) हरुको उत्पादन तथा म्याद सकिने मिति स्पष्ट खुलेको र गुणस्तरीय हुनुपर्नेछ ।

३. राहत सामाग्रीहरु प्रस्तावदातासँग पर्याप्त मौज्दात हुनु पर्नेछ ।

४. राहत सामाग्रीहरु सम्झौता भएको मितिले दुई दिन भित्र नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भकुण्डेबेशीमा ढुवानी गरि सक्नु पर्नेछ ।

.....................................

(भोला प्रसाद चापागाईं)

प्रमुख प्रशासकीय अधिकृत